# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सभापोखरी गाउँपालिका
## संखुवासभा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सभापोखरी गाउँपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सभापोखरी गाउँपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानकोधारा २४१ मा संघ, प्रदेश र स्थानीयतहको लेखाकानुन बमोजिम नियमितता,मितव्ययिता,कार्यदक्षता,प्रभावकारितार औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०को उपदफा २मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिदव्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन,जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्यसुझाव प्रदान गरी सुशासन कायम गर्नसहयोग गर्नु लेखापरीक्षणको उद्देश्यरहेकोछ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेतापनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीतिलिइएको छ।यसै गरी लेखापरीक्षणकोक्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएकोछ।

यस वर्ष स्थानीय तहकोलेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्नेकतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको,स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजुफस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरादेखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१। जेठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१५

प.सं. २०८०।८१
च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्ष ज्यू ,
सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सभापोखरी, संखुवासभा।

१. **कैफियतसहितको राय–** हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण,त्यससँग सम्बन्धितअनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड १९ लाख ५१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ११ लाखको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९२ लाख ४१ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ३ लाख ३६ हजार र पेश्की बाँकी रु. ११ लाख ९९ हजार समेत रु. करोड ३ करोड ८ लाख ५१ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु.७ करोड ८४ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ७६ लाख २१ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र

छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्यगरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** -ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँ पालिकाको व्यवस्थापनमारहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

## सभापोखरी गाउँपालिका,

## संखुवासभा जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | ३८ | ३१९५१ | ० | १६ | ११०० | ५७ | २२ | ३०८५१ | ७५ | २०३३६ | ९२४१ | ० | ० | ३०८५१ | ११९९ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुसासभा | ७८४६० | ० | ११९०६ | ६६५५४ | २१६ | ३०८५१ | ९७६२१ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० | ३० | सामाजिक सुरक्षा कर वापत रकम असुली | १४५६०।०० |
| २ | २०७९।८० | ३३ | प्रमाण पेश भई पेश्की फस्र्यौट | ५२३३००।०० |
| ३ | २०७९।८० | ४१ | यातायात भत्ता असुल भई आएको | १११६६७।०० |
| ४ | २०७९।८० | ४५ | अग्रिम कर असुल भई आएको | १९५००।०० |
| ५ | २०७९।८० | ४८ | बिद्यार्थी हाजिरी भन्दा बढी पुस्तक खरिद प्रमाण पेश भई आएको | १६०५९६।०० |
| ६ | २०७९।८० | ४९ | बिद्यार्थी हाजिरी भन्दा बढी पुस्तक खरिद असुल भई आएको | १६८६४।०० |
| ७ | २०७९।८० | ५० | IEMIS तथ्याँक तथा भरपाई भन्दा बढी संख्यामा खाजा खर्च बिद्यालयलाई निकासा दिएको रकम फिर्ता | ४७५५।०० |
| ८ | २०७९।८० | ६० | अग्रिम कर रकम असुली | १०००३।०० |
| ९ | २०७९।८० | ७३ | पुर्व निर्धारित क्षतिपुर्ती रकम असुली | ५९९०।०० |
| १० | २०७९।८० | ८९ | सा.सु.दोहोरो परेका लाभग्राहीबाट रकम असुली | ६७८६०।०० |
| ११ | २०७९।८० | ९१ | सामाजिक सुरक्षा तर्फ | १४७४७२।०० |
| १२ | २०७९।८० | ९३.१ | बढी निकासा भएको रकम असुली | १६००।०० |
| १३ | २०७९।८० | ९३.३ | नियम विपरित भुक्तानी रकम असुल | १२००।०० |
| १४ | २०७९।८० | ९३.४ | भ्रमण खर्च नियमावली विपरित भुक्तानी रकम असुली | ९०००।०० |

| | | | | |
|---|---|---|---|---|
| १५ | २०७९।८० | ९३.५ | बढी भुक्तानी रकम असुली | ३७३३.३२ |
| १६ | २०७९।८० | ९३.६ | बढी निकासा भएको रकम असुली | १९३१।०० |
| | **यस आ.ब.को जम्मा** | | | ११०००३१।३२ |
| १७ | २०७८।७९ | बिभिन्न | बिभिन्न दफाहरू | १००४५८५१।०० |
| १८ | २०७७।७८ | बिभिन्न | बिभिन्न दफाहरू | १८६०२७१।०० |
| | **गत विगतको जम्मा** | | | ११९०६१२२।०० |
| | **कुल जम्मा** | | | १३००६१५३।३२ |

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।कोशी प्रदेश, सँखुवासभा जिल्लामा अवस्थित यो गाउँपालिका पहाडी भू-वनोट भएको गाँउपालिका हो । २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या ९९७० रहेको छ भने यस क्षेत्रफल २२२.०८ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकामा ६ वटा वडाहरूमा विभाजन गरिएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२१ देखि २०८०।६।२२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय – व्ययतर्फ रू. ४०,०२,४६,९५२।५१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरू-**

२ **वित्तिय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तिय विवरणको यथार्थता** - नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.४,४४,०८,७७३।००, स्थानीय तथा प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रममा रू.१,०७,८०,०२८।०० समेत गरी रू.५,५१,८८,८०१।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाँउपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाँउपालिकाले विगतमा

परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वियन र अध्यावधिक अभिलेख नराखेको, गाँउपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरूजु व्यबस्थापन सम्बन्धी फारामहरू अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरूजु र कोष तथा खातामा बाँकी रहेको रकम गाँउपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरूजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५ **बजेट पेश पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू. ४६ करोड १८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।३१ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

६ **खर्चको बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू. १६६६२१२१।७० राजस्व बाँडफाँड र अनुदानबाट रू.३२७२०८०२२।११ समेत रू.३४३८७०१४३।८१ आम्दानी भएकोमा चालु तर्फ रू.२४११७९३६९।३० र पूँजिगत तर्फ रू.१५१५९७२३२।०० समेत रू.३९२७७६६०१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू. ५०,०४,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ३० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.४० प्रतिशत चालु र ३८.६० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

७ **सेवा प्रवाह -** स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ। स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। गाउँ/नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानून अनुसार नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन्। स्थानीय तह आफैँले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

सैद्धान्तिक बेरूजु

८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सबईन्जिनियर, सहित २४ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरूजु

९ **तलवी प्रतिवेदन -**निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरितचालुअन्तर्गत स्वास्थ्य तर्फकर्मचारीको रू.३६८९३९ र पालिकाका कर्मचारीको रू ९८७८८४५ समेत रू.१३५६८२८४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१० **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र

कार्यबोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायीप्रकृतिको कामको लागि तथा सेवाकरारबाट लिईने कर्मचारीको दरबन्दीप्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्ननसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न १८ पदमा ५१ करारमा राखी रू.१५१४३९४२।०० खर्च लेखेको छ।त्यसैगरी सोही ऐनको दफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिनेव्यवस्था गरेको छ। स्थानीयतहले माथि उल्लेखित पदवाहेकको अमिन चौथो १, ना. प. स्वा चौथौ १,प्रास कृषि १,ना. प्रास कृषि १,कार्यालय सहायक चौथो ३ जना गरी ५ पदमा ७ जना करारनियुक्तिगरी बर्षभरीमा रू.२६३४५८१ भुक्तानी गरेको देखिएको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरूको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २६,३४,५८१ |

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक बिकास | २८४७५०००।०० | १००८६२५६।०० | ३.०० |
| २ | सामाजिक क्षेत्र | १५२०६६५५४।०० | १३६५४७९४०।०० | ४०.६५ |
| ३ | पुर्वाधार बिकास क्षेत्र | १९५७८७२६६।०० | ११५७४१२२९।०० | ३४.४६ |
| ५ | सँस्थागत विकास र सेवा प्रवाह | १२०२२०००।०० | ९४९२४२५।०० | २.८२ |
| ६ | वित्तिय व्यबस्थापन र सुशासन | | | |
| ७ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १०१९०२३२५।०० | ६५७१९९५०।२६ | १९.५२ |
| **जम्मा** | | ४९०२५३१४५।०० | ३३५७८७८००।३० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक बिकासमा सबै भन्दा बढी ४०.६५ प्रतिशत र सँस्थागत विकास र सेवा प्रवाहमा सबै भन्दा घटीमा २.८२ प्रतिशत रहेको छ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१२ **धरौटी सदरस्याहा** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६७ मा तोकिए बमोजिमको कार्यविधि अपनाई कार्यालयप्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रू.४७,९२,४०३।०० धरौटी मौज्दातमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१३ **स्थानीय तथ्याक अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्क नगरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरूजु

१४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१५ **त्रैमासिक पुजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| क स | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | समानीकरणअनुदान संघ | ५६७४३२४१।०० | ११७१९२४४।०० | १४१३५६०४।०० | ३०८८८३९३।०० | १२४८६४६४।०० |
| २ | समानीकरणअनुदान प्रदेश | ४७७९३५४।०० | ५०००००।०० | २१५०७७०।०० | २१२८५८४।०० | ०।०० |
| ३ | आन्तरिकश्रोत | ५०९३८८११।०० | २०६३१७९३।०० | १७२७४५६१।०० | १३०३२४५७।०० | ४३०२५०६।०० |
| ४ | संघीयशशर्त अनुदान | १४५७३८३१।०० | ३२००००।०० | १७७४७६५।०० | १२४७९०६६।०० | ४५११३१८।०० |
| ५ | संघीय समपुरक | ६८१७५४८।०० | ० | ६९२७०७।०० | ६१२४८४१।०० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | | | | ० | |
| ६ | प्रदेशसमपुरक अनुदान | ६९६४४१९।०० | ० | ७०००००।०० | ६२६४४१९।०० | ० |
| | **जम्मा** | १४०८१७२०४।०० | ३३१७१०३७।०० | ३६७२८४०७।०० | ७०९१७७६०।०० | २१३००२८८।०० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.१४०८१७२०४।०० निकासा भएकोमा प्रथम चौमासिक मा रू. ३३१७१०३७।००(२३प्रतिशत), दोस्रो चौमासिकमा रू.३६७२८४०७।००(२६ प्रतिशत) र तेस्रो चौमासिकमा रू.७०९१७७६०।००(५१ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै अषाण महिनामा मात्र रू.२१३००२८८।००(१६ प्रतिशत) खर्च देखिनुले चौथो चौमासिक तथा अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

१६ **योजना तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रू. १ लाख भन्दा कमको योजना | ३६ | २१२५०००।०० |
| २ | रू. १ लाख देखि २ लाख सम्मका योजना | ५० | ५९२५०००।०० |
| ३ | रू. २ लाख देखि ५ लाख सम्मका योजना | ५५ | १५५७१०९१।०० |
| ४ | रू.५ लाख एक देखि १० लाख सम्मका योजना | ३४ | २०२०५०००।०० |
| ५ | १० लाख भन्दा माथीका | २६ | ४०१७९३८२।०० |
| जम्मा | | २०१ | ८४००५४७३।०० |

सैद्धान्तिक बेरूजु

१७ **व्यबसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर सङ्कलन गरेको छैन । पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको देखिदैं। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

१८ **बजेट सिमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुईवर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१९ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२० **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रू. ४३,७६,१६,५८६.२३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. १,०८,२३,५८८.४० अर्थात अनुमान भन्दा २.४७ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरूजु

२१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५०६९१५४८।०० | १,०८,२३,५८८.४० | ४.३२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

२२ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमि तथा मालपोत कर | १०,००,०००.०० | ११,०४,२५०.०० | ११० |
| वहाल कर | ३,००,०००.०० | ५५,१४८.०० | १८।३८ |
| अन्य राजस्व | ७,६२,९६,३९६.२३ | ५७,४३,१००.४० | ७।५ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

२३ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन।अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन।कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ।यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।

सैद्धान्तिक बेरूजु

२४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३० र यो वर्ष २२ गरी जम्मा ५२ विवाद दर्ता भएकोमा २४ वटा मात्र फस्यौंट भई २८ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

२५ **ठेक्का व्यबस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.६८ देखि ४४.५७प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **वार्षिक खरिद योजना/गुरूयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यसपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १४,०८,१७,२०४.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद

नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरू योजना नबनाई खरिद कार्य गरेको देखियो। अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

| सैद्धान्तिक बेरूजु |
|---|

२७ **एम्बुलेन्स/जेसीवीको आम्दानी राजश्व दाखिला नभएको** - आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार ब्यत्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ ।कार्यालयले विभिन्न ब्यतिहरूलाई एम्बुलेन्स/जेसीवी उपलब्ध गराएकोमा लेखापरिक्षण अवधिसम्म पनि बाँकी रकम असुल गरेको पाइएन। निम्न ब्यतिहरूबाट बाँकी रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ५५,००० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८ **राजश्व समयमा दाखिला नभएको** - आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार ब्यत्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ भने राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्विकृत ढाँचामा राखिनु पर्दछ।कार्यालयले राजश्व आम्दानीको म.ले.प.फा.नं. १०५, १०८ नराखेको तथा दैनिक राजश्व असुलीको भौचर नवनाएको तथा व्यवस्थित गरेको देखिएन साथै असुली रकम असलु भएको भोलीपल्ट दाखिला गर्नपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रूपमा दाखिला गर्ने गरेको देखिन्छ। असुली रकम नियमाअनुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिर्वाय रूपमा राखुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला फारमहरूको प्रयोग गरी आन्तरिक आम्दानीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरूजु |
|---|

२९ **रसिद पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार ब्यत्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ ।कार्यालयले आ.व.२०७९।८० मा जारी गरेको रसिद नं १०१ देखी १५० सम्म लेखापरीक्षणमा पेश भएन । उत्त रसिदबाट के कति राजश्व उठेको छ कार्यालयले छानविन गरी राजश्व दाखिला गर्नु पर्दछ।

| सैद्धान्तिक बेरूजु |
|---|

३० **भत्तामा घटी कर कट्टी –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु१४५६०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ आर्थिक सहायता -

३१.१ कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई रू. ६,६१,०००।– र सभापोखरी धार्मिक मेला व्यवस्थापन रू. ३,००,०००।०० समेत रू. ९,६१,०००।– वितरण गरेको छ । यस्तो खर्च कानून सम्मत नभएकोले अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | ९,६१,००० |

३१.२ कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गत विगतमा सुझाउ दिंदै आएकोमा यो वर्ष पनि ५१ व्यक्ति तथा परिवारलाई रू ६०००।०० का दरले मृत्यु सत्गद सहायता खर्च रू. ३,०६,०००।– र अपाङ्गता ग र घ वर्ग चाडपर्व खर्च तथा ८५ वर्ष माथीका वृद्द वृद्दाहरूका लागि चाडपर्व खर्च रू ३६८०००।०० समेत रू ६७४०००।०० वितरण गरेको छ । यस्तो खर्च कानून सम्मत नभएकोले अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६,७४,००० |

३२ **सम्पत्तिको प्राप्ती उपयोग र सरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

(रू. हजारमा)

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |

| | | | | |
|---|---|---|---|---|
| सवारी साधन (रू.१ लाखभन्दा बढी) | | जीप १ | | |
| | | मोटरसाइकल १६ | २३६९४००।०० | |
| | | स्कुटर १ | | |
| | | एम्बुलेन्स १ | | भारत सरकारबाट सहयोग |
| उपकरण (रू.१ लाखभन्दा बढी) | | जे.सी.बी १ | | |
| | | डोजर १ | | चिन सरकारबाट सहयोग |
| बेचलतीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | |
| अतिक्रमणमा परेको जग्गा | | | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | |

| सैद्धान्तिक बेरूजु |
|---|

३३ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रू.११९९३००।०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रू.

**..........** ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७८०।१२।२७ को निर्णयबाट रू.५२३३००।- सम्परीक्षण गरिएको ।)***

**वडा कार्यालयको मेशिनरी वाल निर्माण उ स** को ५८,०००

**शिवालय मन्दिर निर्माण उ स** को ८७,३००

**शिवालय मन्दिर निर्माण उ स** को ८७,०००

**त्रिवेणी मा बि शौचालय निर्माण उ स** को २९१,०००

| पेश्की | ६,७६,००० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **इन्धन खर्चको मापदण्ड** - प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्वन्धि निर्देशिका २०७९ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा हेभि मेसिनको लागी रू ४४,६०००० र कार्यालय प्रयोजनको लागि रू ११५०००० खर्च गरेको छ।पदाधिकारी तथा कर्मचारीलाई मासिक रूपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

३५ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रू. ४०,५२,८५७।०० खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

३६ **सुचना प्रकाशन** - पालिकाले विभिन्न मिडियाहरूमा सूचना प्रकाशन तथा प्रसारण वापत रू ४१६२८० खर्च गरेको छ। आर्थिक वर्षको सुरूआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । गाउँपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरू मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरू बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरू बीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३७ **भ्रमण खर्च** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रू १५७३९०५ भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन।कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष त सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३८ **अनुगमन तथा लेखापरीक्षण प्रतिवेदन पेश नभएको** - राष्ट्रपति महिला उत्थान कार्यक्रम अर्न्तगत मानव विकास सूचकंकमा पछाडी परेका स्थानिय तहमा जिविको पार्जन अर्न्तगत चेतनशिल बचत तथा ऋण सहकारी संस्थालाई रू ७३०३११ भुक्तानी भएकोमा जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शन २०७७ को बुँदा १७ अनुसार स्थानिय तहले अनुगमन नगरेको र बुँदा २१(७) मा भएको व्यवस्था अनुसार कार्यक्रम संचालन पश्चात सम्वन्धित संस्थाले प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी सो को प्रतिवेदन स्थानिय तहलाई पठाएको पाइएन ।

| सैद्धान्तिक बेरूजु |
|---|

३९ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रू ९,८५,०००।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४० **बैठक भत्ता** -पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रू.१३,८७,९००।०० खर्च गरेकोछ।पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरू बाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको,विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालनतथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४१ **यातायात भत्ता –**

........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रू.१११६७।- सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

४२ **वडा कार्यालयको खर्च** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरू, सबै

पदाधिकारी एवं कर्मचारीहरूले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रूपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्म्वार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १ देखि ६ वडा कार्यालय संचालनको लागि जम्मा रू.२४,९९,९९६।- खर्च गरेको छ । वडा कार्यलयको खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, मूल जिन्सी खातामा वडाको जिन्सी प्रवृष्टी नरहेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरूपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष १०८ जनालाई औसत ७६ दिनले ८४० दिन रोजगारी उपलव्ध गराई रू.५१९७९०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४४ **सीप विकास तथा रोजगारी मुलक तालिम -** हरेक बर्ष लक्षित वर्गको लागि सीपमूलक तथा रोजगारीमूलक तालिमहरू संचालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए, तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैनन, तालिम लिएका लाभग्राहीको सीप तथा क्षमता विकास भएर जीवन स्तरमा सुधार भै समुदायमा सकारात्मक परिवर्तन भएको छ की छैन भनी गाउपालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धीको विश्लेषण गरी तालिम लिइ सकेका र लिनु पर्ने लक्षित बर्गको कुनै अभिलेख राखेको देखिएन । गाउपालिकाले श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन ।

गाउपालिकाले गत विगत बर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूवाट संचालन गरी रहेकाले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरिएका वा एकै व्यक्तिले धेरै प्रकारका तालिममा सहभागीता जनाएका छन प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमवाट अपेक्षा अनुरूप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४५ **अग्रिम कर –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७८।१२।२७ को निर्णयबाट रू.१९५००।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **बिद्यालयहरूको लेखापरीक्षण** - गाँउपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । गाँउपालिका अन्तर्गत ३० सामुदायिक विद्यालयहरू रहेकोमा आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म ३० बिद्यालयले लेखापरीक्षण गराएको पाइएन। अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरूको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाँउपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४७ **ब्राण्डनाम उल्लेख भएको तथा वितरणको भर्पाइ पेश नभएको** - कार्यालयले जनहित ट्रेर्डसबाट ७३५५पाकेट सेनिटेरी प्याड खरिद गरी रू ६६१९८२ भुक्तानी गरेकोमा देहाय अनुसार पाइएको रू. ६६१९८२

१- सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ को उपदफा ३ मा मालसामानको खरिद गर्दा कुनै खास ब्राण्ड,ट्रेडमार्क,नाम,पेटेण्ड,डिजाइन,प्रकार ,उत्पति वा उत्पादकको नाम उल्लेख गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा कार्यलयले सेनिटरी प्याड खरिद गर्दा ब्राण्ड नाम white moom all day extra sanitary pad उल्लेख गरी स्पेशिफिकेशन तयार गरेको तथा सोही ब्राण्ड नेम उल्लेख गरी दररेट माग गरेको पाइएकोले प्रतिस्पर्धा सिमित हुने हुँदा उत्त खरिद प्रकृया नियम सम्मत देखिदैन रू. ६६१९८२

२-आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ तथा प्रमाण कागजात सहित लेखा राखु पर्ने उल्लेख छ ।कार्यालयले खरिद गरिएका ७३५५ प्याड मध्ये ७०५० विद्यालयलाई वितरण गरी ३०५ पाकेट मौज्दात रहेकोले सो को वितरण गरी भर्पाइ पेश हुन पर्ने रू. २७४५१

| | |
|---|---|
| अनियमित भएको | ६,६१,९८२ |

४८ **विद्यार्थि हाजिरी भन्दा बढी पुस्तक खरिद –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१६०५९६।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४९ **विद्यार्थि संख्या भन्दा बढी पुस्तक खरिद –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१६८६४।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **IEMIS तथ्याङ्क तथा भपाई भन्दा बढी संख्यामा खाजा खर्च विद्यालयलाई निकासा दिएको –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.४७५५।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ निकासा अभिलेख खाता - निकासा अभिलेख खाताः गाँउपालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरू यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रूजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन गाँउपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरूपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रूपमा राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५२ **कार्यसम्पन्न प्रतिवेदन** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप न. ८.४ (ज) मा स्थानीय तहले अनुसूची ७ बमोजिम नापी किताब/कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साईट ईन्चार्ज, विद्यालयको प्र.अ. तथा वि.व्य.स.अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुख को दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाई सोको लेखा परिक्षण मौजुदा कानुन बमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र सोको स्थानिय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत बजेट अनुसार देहायका विद्यालयलाई बिभिन्न कार्य गर्न रू.८२५००००।० अनुदान दिएको देखियो। यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य भए

नभएको अनुगमन गरी गराई प्रतिबेदन लिएको देखिएन। पालिकाले दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

| विद्यालयको नाम | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|
| सिंहेश्वरी आधारभूत विद्यालय सिकिदिम | २ कोठे तथा ४ कोठे भवन | २७५०००० |
| कैलाश माध्यमिक विद्यालय पावा | ४ कोठे भवन | ५५००००० |
| | जम्मा | ८२५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८२,५०,००० |

५३ **शिक्षक दरबन्दी र पदपुर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न २८ विद्यालय | १२० | ९९ | १७ | २५२८ |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५४ **करारलाई महगी भत्ता** - नेपाल सरकारको अर्थमन्त्रालयको मिति २०७९।१।२१ को परिपत्र अनुसार करारक कर्मचारीलाई महगी भत्ता नदिने उल्लेख छ । कार्यालयले देहायका २८ जना कर्मचारीलाई बर्ष भरी रू. ५,९७,१३३।०० महगी भत्ता भुक्तानी गरेको पाइयो ।परिपत्र विपरित भुक्तानी भएको महगी भत्ता अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५,९७,११३ |

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **औषधीको गुणस्तर** - सार्वजनिक खरिद नियमावलीको नियम ११११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले बार्षिक रूपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने, तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरूको निरिक्षण गराको छैन । अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परिक्षण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५६ **औषधि व्यवस्थापन** - यस कार्यालयबाट खरिद भएका ५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| Tab paracetamole | १५००० | ३०२९० | ४५२९० | ३७०५५ | ८२३५ |
| Oral rehydration soln | ५००० | ७४९९ | १२४९९ | १२०४७ | ४५२ |
| Tab azithromycin 250mg | ३५०० | २०० | ३७०० | ३७०० | ० |
| Diclofenac gel | ३०० | १२ | ३१२ | २६० | ४२ |
| Pills cycle | ० | २१३० | २१३० | १६४२ | ४८८ |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुंदा मौज्दातको अवस्था अधिकतम रूपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरूत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५७ **अनुदानको अनुगमन** - सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन।तर पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राही को जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरूजु

५८ **सुन्तला पकेट कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ मा कृषि उत्पादन सामाग्रीहरू (बीउ, बेर्ना,बिरूवा) नेपाल सरकारले तोकेको अवस्थामा बाहेक ५० प्रतिशत सुविधामा उपलब्ध हुने उल्लेख छ । तर पालिकाले सुन्तला पकेट कार्यक्रम अन्तर्गत गौ .भौ. नं १८२/०८०/३/२३ बाट कार्की नर्सरी उद्योग बाट ४५२०० वटा सुन्तलाको विरूवा रू २० का दरले

रू. ९,५१,०००।०० र अन्य कृषि जन्य सामाग्री सुवन सप्लायर्सवाट रू.२,४५,०००।०० को खरीद गरी वितरण गरेको छ। कार्यालयले नर्म्स अनुसार ५० प्रतिशत सुविधा अनुदान उपलब्ध गराउनु पर्नेमा १०० प्रतिशत उपलब्ध गराएको छ। नर्म्स भन्दा विपरीत वितरण गरी भएको खर्च नियम सम्मत नदेखीएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५,९८,००० |

५९ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको** - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणकोलागी क्षेत्रनिर्धारण गरिएको छ । तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्थारहेको छ । पालिकाले आ.व २०७८/७९ मा कार्यान्वयन भएको योजनाको उत्पादन, प्रभावकारीताजस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकननगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छ भनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

६० **अग्रिम कर –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रू.१०००३।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **कार्यक्रम विपरित खर्च** - कार्यालयले लसुनको विउ लोकल १०५ केजी,आलुको विउ ७६८० केजी ,सुर्यमुखीको विउ ५५ केजी र विषादी तथा भिटामिन समेत खरिद संखुवासभा एग्रोभेटलाई रू ६६६३०० भुक्तानी गरेकोमा देहाय अनुसार देखिन्छ ।

१. गरिवी निवारण तथा लघु उद्यम विकास कार्यक्रम २०७९।८० को बजेट बाँडफाटमा प्रविधिक सिप विकास तालीम ११५ जनालाई दिने गरी रू.८३३०००।०० बजेट छुट्याएको छ ।कार्यालयले सिप विकास तालीममा खर्च गर्नु पर्ने रकम लसुनको विउ लोकल १०५ केजी,आलुको विउ ७६८० केजी ,सुर्यमुखीको विउ ५५ केजी र विषादी तथा भिटामिन समेत खरिद वितरण गरेको पाइयो ।तोकिएको कार्यक्रम तालीम संचालन नगरी विउ तथा भिटामिन गरि गर्ने कार्य नियमसम्मत नदेखिएको रू. ६६६३००।००

२. लसुनको विउ लोकल १०५ केजी,आलुको विउ ७६८० केजी ,सुर्यमुखीको विउ ५५ केजी र विषादी तथा भिटामिन समेत खरिद गरी संखुवासभा एग्रोभेटलाई रू.६६६३००।०० भुक्तानी भएकोमा उत्त विउको उमारशत्ति परिक्षणको प्रतिवेदन पेश गरेको छैन भने वितरण भएको विउ कृषकहरूले रोपण गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन।

| | |
|---|---|
| अनियमित भएको | ६,६६,३०० |

६२ **बाख्रा पकेट कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ बुँदा नम्बर ४.१.९.३ (ग) मा पशु उत्पादन सहयोग अन्तर्गत पशु TAGGING/MICRO CHIPPING, पशु बिमा, उन्नत जातको पशु खरिद र पशुमा लाग्ने रोगहरूको जोखिम न्यूनीकरण गर्न खोप तथा औषधी खरिद र वितरण गर्नुपर्ने व्यावस्था रहेको छ । बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत बाख्रा पकेट विकास अन्तर्गत सपन एण्ड सकुम अलैची तथा पशुपालन फर्म बाट खरिद गरी ५० प्रतिशत अनुदान स्वरूप रू ३३३४५० भुक्तानी लिई ५७ गोटा बाख्राहरू खरिदको भर्पाई जनाएकोमा, पशु बिमा गरेको प्रमाण नरहेको, उन्नत जातको पशु खरिद गरेको प्रमाण नरहेको र पशुमा लाग्ने रोगहरूको जोखिम न्यूनीकरण गर्न खोप तथा औषधी खरिद र वितरण नगरेकले प्रमाण पेश गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३३,४५० |

६३ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरूको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **देउराली भ्यु टावर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा सार्वजनिक निकायले बहुबर्षिय सम्झौता गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चता गरेर मात्र खरिदको कारबाही गर्नुपर्ने व्यबस्था रहको छ ।कार्यालयले देउराली भ्यु टावर निर्माण गर्नका लागि आ.ब. २०७५।७६ मा रू.३,४२,८१,०४१।३४ लागत अनुमान भएको डि पि आर तयार गरेको छ ।उक्त डि पी आरको कार्यान्वयन सुरू आ.ब. २०७९।८० मा रू.२१,९५,४०१।७३ लागत अनुमान तयार गरी उपभोक्ता

समिति मार्फत फाउन्डेसनको मात्र कार्य गरेको छ । उक्त थप कार्यको लागि हालसम्म कुनै पनि किसिमको बजेट स्रोत उपलब्ध नभएको देखिन्छ ।यसरी दिर्घकालीन रूपमा बजेट पुर्ण रूपमा सुनिश्चित नभई काम सुरू गर्ने र आधा अधुरो छाड्ने अवस्थाले उक्त बजेटको प्रगति भएको देखिदैन र सो योजनाको लागि भबिष्यमा बजेट स्रोत उपलब्ध भएपनि पछिल्लो भएको कामको गुणस्तर घटेको अवस्था हुन सक्ने तथा गरेको कार्य पुनः गर्नुपर्ने हुन सक्छ ।तसर्थ बजेट सुनिश्चित हुने योजना र सम्पन्न गर्न सकिने योजना मात्र छनौट गरी कार्य सम्पन्न गर्नुपर्नेमा बजेटको सुनिश्चितता नगरी फाउण्डेशनको(आंशिक काम) कार्यमा उपभोक्ता समितिबाट गराई खर्च गरेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २१,९५,४०१.७३ |

६५ **अमानतबाट कार्य -** विविध कोष खाता गो. भौ. नं. २/२०७९/०५/२९ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने, अमानतबाट काम गर्नु पर्दा सो कामका लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने र अमानतबाट गरिने कार्य रू.एक लाखमा नबढाई गर्नुपर्ने उल्लेख छ । यस कार्यालयले एक तह माथिको पूर्व स्वीकृति नलिई, सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया बमोजिम खरिद नगरी विविध कोष खाता अन्तर्गत रू. ३९००००।०० बाहबिसे डके सडक मर्मत रकम ओमकार भट्टराइलाइ भुक्तानी गरेको नियमित नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,९०,००० |

६६ **परामर्श तथा डि पि आर खर्च -** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरूयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **बिमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरूमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्नेलाई जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

**(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८ **हेभी इक्विमेण्ट प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छनः

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६९ **जटिल सँरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रम मूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकालेआर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेडटंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरू यस प्रकार रहेका छन्ः

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २३।२०७९।५।२७ | देउराली भ्यु टावर निर्माण उपभोक्ता समिति | भ्यु टावर निर्माण | २०३६६०६।३८ |
| | **जम्मा** | | २०३६६०६।३८ |

सैद्धान्तिक बेरूजु

७० **बरडाँडा हाटवजार व्यवस्थापन -** बरडाँडा हाटवजार व्यवस्थापनका लागि रेलिङ्ग सहितको ट्रस निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराई विल बमोजिम रू १२६५१३८।५० र दुध चिस्याउने मेशिन सहितको निर्मित संरचनाको उपयोग तथा संचालन कार्यविधि तयार गरी सम्वन्धित समिति लाई हस्तानतरण गरेको नदेखिएको तथा स्थलगत अवलोकनका क्रममा प्रयोगमा समेत आएको नदेखिएकोले हस्तानतरण गरी प्रयोगको सुनिश्चितता हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

७१ **उपभोक्ता समितिको अँश** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने सम्बन्धि व्यबस्था रहेको छ। उक्त नियममा उपभोक्ता समितिबाट काम गराउदा जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ भनी उल्लेख गरको छ । हेलीप्याड तथा गोरेटो बाटो निर्माणका लागि लागत अनुमान रू.१२९५७७९।०० तयार गरी सभापोखरी धार्मिक एवम् पर्यटकीय स्थल संरक्षण समितिसँग मिति २०७९।५।१९ मा सम्झौता गरेको छ । सम्झौता अनुसार रू.१२९५७७९।०० कार्यसम्पन्न भई पालिकाबाट भुक्तानी भएको छ ।लागत अनुमानमा जनसहभागिताको अँश नराखी सम्झौता गरेको हुँदा उक्त निर्माण कार्यमा साझेदारी गरेको देखिदैन । अतः उपभोक्ता समिति मार्फत गरिने कार्यमा उपभोक्ता समितिको न्युनतम अँश समेत समावेश नगरेकोले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १२,९५,७७९ |

७२ **कार्यालयको काम उपभोक्ता समितिबाट** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र अनिवार्य रूपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरू समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो।नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदायमार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रू.

| भौ नं. | कार्य/उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम रू. |
|---|---|---|---|
| ३२।०७९।७।८ | ६ नं. वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं.६ को भवन निर्माण कार्य | १११९३३१।०० |
| १९४।०७९।१२।०७ | सभापोखरी गा.पा. प्रवेशद्धार निर्माण उ.स. | पालिकाको गेट निर्माण (प्रथम रनिङ्ग बिल) | ५७३३८२।३३ |
| जम्मा | | | १६९२७१३।३३ |

| | |
|---|---|
| अनियमित भएको | १६,९२,७१३.३३ |

७३ पुर्व निर्धारित क्षतिपुर्ती –

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु.५९९०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ म्याद थप गरी बैंक जमानतको म्याद थप नगर्नेलाई जिम्मेवार बनाउनुपर्ने ।

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत | म्याद सकिने मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमाकायम भएको मिति |
|---|---|---|---|---|---|---|
| SPRM/DTSD /NCB/07/76/77 | आधारभुत स्वास्थ्य ईकाइ भवन निर्माण वडा ४ | सभापोखरी निर्माण सेवा पाँचखपन | ३४७०००।०० | २०८०।३।३१ | २०७९।४।३० | २०७९।५।१५ |
| SPRM/FM/ NCB/04/077/78 | बगैचा डके सडकस्तर उन्नती | अरूण बरूण निर्माण सेवा कम्पनी प्रा ली चिचिला | २३२५४३३।०० | २०८०।१।३ | २०७९।५।१५ | |

सैद्धान्तिक बेरूजु

७५ **व्याकहो लोडर खरिद -**

७५.१ यस पालिकाले आर्थिक बर्ष २०७८।७९ मा क्याटलग बिधिबाट ब्याकहो लोडर खरिदका गर्नका लागि मिति २०७८।११।९ मा सुचना प्रकाशन गरेको छ ।सो ब्याकहो लोडरको लागत अनुमान(स्पेशिफिकेशन सहित) यान्त्रिक कार्यालय मोरङ्गका मेकानिकल ईन्जिनियर बसन्त कुमार साहले मु.अ.कर सहित रू.५०,००,०००।०० तयार गरेका छन ।सो लागत अनुमान अनुसार बिड गर्ने ४ फर्महरूमध्ये स्पेशिफिकेशन नमिलेको कारण भनी सबै भन्दा बढी घटी कबोल गरेका २ फर्मसँग सम्झौता नगरी तेस्रो फर्म एम.ए.डब्लु अर्थमुभर्स प्रा.ली. ललितपुरसँग रू.४९,५०,०००।००(मु.अ.कर सहित) मिति २०७९।१।२१ मा सझौता गरी यस आर्थिक बर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको कच्चेवारी प्रमाणित गरी जिम्मेवारी सारेको छ ।सो खरिदमा देखिएको केही व्यहोरा निम्न छनः

सैद्धान्तिक बेरूजु

७५. एम.ए.डब्लु अर्थमुभर्स प्रा.ली ललितपुरलाई रू.४९,५०,०००।०० सझौता अनुसार रकम भुक्तानी गर्दा सो

२ रकममा मु.अ.कर समेत जोडिएको हुँदा मु.अ.कर कट्टी गरी खुद भुक्तानी रू.४३,८०,५३१।०० र मु.अ.कर. रकम रू.५,६९,४६९।०० गरी जम्मा रू.४९,५०,०००।०० भुक्तानी गर्नुपर्नेमा सो फर्मबाट खुद भुक्तानी ४९,५०,०००।०० र मु.अ.कर शुन्य भएको बिल बिजक(Invoice no-DOBSPI78/79-05431) भुक्तानीको लागि आएको हुँदा सो अनुसार भुक्तानी भएको देखिन्छ ।उक्त उपकरणमा मु.अ.कर छुट हो भने आन्तरिक राजस्व बिभागले मु.अ.कर छुट दिएको पत्र पेश गर्नुपर्ने अन्यथा मु.अ.कर रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६९,४६९ |

७५. फर्मले ब्याकहो लोडर हस्तान्तरण गरे पश्चात सोको भुक्तानी दिनु भन्दा अगाडी सो सामाग्री स्पेशिफिकेशन
३ तथा गुणस्तर बमोजिम छ छैन भनी आधिकारिक मेकानिकल ईन्जिनियरबाट नापजाच गरी सो अनुसार ठिक छ भनी प्रमाणित भए पश्चात मात्र भुक्तानी दिनुपर्ने हुन्छ ।पालिकाले ब्याकहो लोडर खरिदमा स्पेशिफिकेशन तथा गुणस्तर प्रमाणित नगरेको हुँदा सो सम्बन्धमा आश्वस्ता हुन सकिएन ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

७६ **नन्फाइलर** - मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका आपुर्तककर्ता तथा सेवा प्रदायकहरूले बुझाउनुपर्ने कर विवरण नबुझाई नन्फाइलर रहेको तथा कर विजक नभएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

| गो. भौ. नं. | फर्म/ आपूर्तिकर्ताको संलग्न विल | प्यान नं. | जारी गरेको बिजक नं. | भुक्तानी/ बिजक रकम रू. | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| १६ | जय बँगलामुखी निर्माण सेवा सभापोखरी ५ | ६००८८३६१६ | बिजक नं. समेत उल्लेख नभएको | ९९६०६५।३० | ११४५९१।५८ | Income tax: nonfiler 2078.79 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१४,५९१.५८ |

७७ **परफरमेन्स बण्ड असुल नभएको** - सभापोखरी गाँउपालिका र दुई निर्माण व्यवशायी देउराली निर्माण सेवा र शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन कम्पनीले संझौता बमोजिम समयमा काम सम्पन्न नगरेका कारण देउराली निर्माण सेवाको धरौटी तथा शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन कम्पनीको पेश्की जफत गरी राजश्व दाखिला गरेकोमा देहाय अनुसार देखिन्छ ।

१-कालो सूचिमा राख्नेः सार्वजनिक खरिद ऐन २०६३ को दफा ६को ग मा खरिद संझौता कार्यान्वयन गर्दा

सारभूत त्रुटी गरेको वा संझौता अनुरूपको दायित्व सारभूतरूपमा पालना नगरेको वा खरिद संझौता बमोजिमको कार्य सो संझौता बमोजिमको गुणस्तर नभएको कुरा प्रमाणीत भएमा कालो सूचिमा राख्न सकिने उल्लेख छ । शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन कम्पनीले संझौता बमोजिमको काम गर्दै नगरेको र देउराली निमार्ण सेवाले बढी दररेट हालेको काम सम्पन्न गरी घटी दररेट हालेको आइटमको काम नगरेकोले दुवै फर्महरूका ठेक्का तोडी कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्ने देखिन्छ ।

२-सार्वजनिक खरिद ऐन २०६३को दफा ५९ को उपदफा ७ मा उल्लेखीत व्यवस्था अनुसार सार्वजनिक निकाय सँग खरिद संझौता गर्नेले संझौता बमोजिम काम शुरू नगरेमा, काम शुरू गरी विचैमा छाडेमा वा संझौता बमोजिमको कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो संझौता जुनसुकै बखत अन्त्य गर्न सक्दछ भन्ने व्यवस्था रहेको र ऐ.ऐनको ऐ.दफाको उपदफा ८ मा उपदफा ७ बमोजिम संझौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने उल्लेख छ ।कार्यालयले निमार्ण व्यवशायीलाई संझौता बमोजिम काम गर्न पटक पटक ताकेता गरेकोमा समयमा काम सम्पन्न नगरेको कारण देउराली निमार्ण सेवाको धरौटी रू ५१३०४४ जफत गरेको पाइन्छ तर कार्यसम्पादन जमानत रू २०६८००० जफत गरेको पाइएन।यसले गर्दा कार्यलयलाई रू २०६८००० क्षति पुगेको देखिन्छ ।सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तोकीएको समयावधिको सम्पादन जमानत नलिने र तोकीएको समयमा काम नगरेको अवस्थामा वण्डको म्याद थप गर्न नलाउने र समयमै कार्य सम्पादन जमानत असुल नगरी निर्माण व्यवशायीलाई फाइदा पुग्ने कार्य गर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिएको रू. २०६८०००

३-सार्वजनिक खरिद ऐन २०६३को दफा ५९ को उपदफा ७ मा उल्लेखीत व्यवस्था अनुसार सार्वजनिक निकाय सँग खरिद संझौता गर्नेले संझौता बमोजिम काम शुरू नगरेमा, काम शुरू गरी विचैमा छाडेमा वा संझौता बमोजिमको कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो संझौता जुनसुकै बखत अन्त्य गर्न सक्दछ भन्ने व्यवस्था रहेको र ऐ.ऐनको ऐ.दफाको उपदफा ८ मा उपदफा ७ बमोजिम संझौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने उल्लेख छ ।कार्यालयले निमार्ण व्यवशायी शुभ एण्ड ध्रुव कन्स्ट्रक्सन कम्पनीको पेश्की जमानत रू. २१,२०,०००।०० जफत गरेको पाइन्छ तर रू ३५११००० कार्यसम्पादन जमानत जफत गरेको पाइएन।यसले गर्दा कार्यलयलाई रू. ३५,११,०००।०० क्षति पुगेको देखिन्छ ।सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तोकीएको समयावधिको सम्पादन जमानत नलिने र तोकीएको समयमा काम नगरेको अवस्थामा वण्डको म्याद थप गर्न नलाउने र समयमै कार्य सम्पादन जमानत असुल नगरी निर्माण व्यवशायीलाई फाइदा पुग्ने कार्य गर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिएको रू. ३५११०००

| | |
|---|---|
| अनियमित भएको | ५५,७९,००० |

७८ **Inj. Oxytocin भण्डारणका लागी ILR Refrigerator** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रूपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, तथा दफा ४ मा खरिद कार्य गर्नु खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन योजना विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले

स्वास्थ्य सामाग्री Inj. Oxytocin भण्डारणका लागी ILR Refrigerator रू ३९६६३०।०० मा खरीद गरी मेडिसर्ज ट्रेडर्स लाई भुक्तानी गर्द विभागबाट जारी भएको स्पेसिफिकेशन बमोजिम खरिद गरेको जनाएको छ । लेखापरीक्षणको क्रममा खरिद गरिएको स्वास्थ्य सामाग्री स्पेसिफिकेशन बमोजिम भए नभएको खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र सप्लाई गरिएका सामान बरावरको बैक २ वर्षको बैक ग्यारेन्टी राख्नुपर्नेमा सो समेत पेश नभएकोले तोकिएको गुणस्तरको सामाग्री प्राप्त भएको एकिन हुन सकेन । उल्लेखित व्यवस्थाको पालना नगरी सोझै खरिद गरी रू. ३९६६३०।०० खर्च गरेकोले स्पेसिफिकेश खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र २ वर्ष बैक ग्यारेन्टी समेत पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९६,६३० |

७९ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका १० योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरूको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

**(विस्तृत विवरण बेरूजु दफा ७९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८० **झोलुगे पुलको स्टिल पार्टस खरिदमा ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको हकमा मात्र १५ प्रतिशत ओभरहेड राख्न पाउने उल्लेख छ। यस व्यवस्था अनुसार मालसामान खरिदमा ओभरहेड राख्न मिल्ने कानूनी व्यवस्था छैन। कार्यालयले ओजाक र आमलामा २ वटा झोलुंगे पुल निर्माणको लागि रू. १२,३८,७०८।६० र रू.१७,८९,५५५।९९ गरी जम्मा रू.३०,२८,२६४।५९ को लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा एकमात्र कवोल गर्ने जुनकिरी ईन्डस्ट्रिज प्रा.ली. बुटवल-१० सँग रू. ११,६८,२९९।२० र रू.१६,८७,८६२।०० गरी जम्मा २८,५५,५६०।०० मा मिति २०७९।२।१८ संझौता भइ यस वर्ष भौ. नं ४५ बाट रू. ११,६८,२९९।२० र रू.१६,८७,८६२।०० गरी जम्मा रू.२८,५५,५६०।०० भुक्तानी गरेको छ। लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड दिएको देखिन्छ। ओभरहेड गणना नगरी लागत अनुमान तयार गर्दा रू. १०,७७,१३७।९० र रू. १५,५६,१३५।६४ गरी जम्मा रू.२६,३३,२७३।५४ को मात्र लागत अनुमान वन्नेमा ओभरहेड राखी बोलपत्र आह्वान गर्दा वास्तविक हुनुपर्ने लागत अनुमान भन्दा रू. ३,९४,९९१।०० वढीको लागत अनुमान तयार भएको देखिन्छ। लागत अनुमान तयार गर्दा वस्तुको हकमा समेत १५ प्रतिशत थप गरी अतिरिक्त व्ययभार थप भएको रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,९४,९९१ |

८१ **५ शैय्याको अस्पताल निर्माण -**

८१.१ गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी जोशी जेभी सँग मिति २०८०।३।३० मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।४।१७ मा रू. ६,९७,०८,१४३।०० खरिद सम्झौता भएको देखिन्छ । यो वर्ष प्राविधिक मुल्याङ्कन गरी रनिङ्ग विल बापत रू. १,०७,८०,०२८।०० समेत जम्मा रू. २,५१,९६,५४५।०० भुक्तानी भएकोमा थप १ वर्ष म्याद थप गरी २०८१।३।३१ सम्म पुर्याएको देखिन्छ । सम्झौता अवधिको ७५ प्रतिशत भन्दा वढी अवधि समाप्त भएको अवस्थामा भौतिक प्रगति न्युन रहेकोले निर्धारित समयावधिमा सम्पन्न गर्न गाँउपालिकाले सम्झौताका शर्त वमोजिम निर्माण व्यवसायि सँग निर्माण कार्य तालिका अपडेट गरे गराएको देखिदैन । निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ थप पहल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

८१.२ **कार्यतालिकाः** उल्लेखित निर्माण व्यवसायि सँग भएको सम्झौताको बुँदा नं ३४.१ र ३४.३ मा निर्माण व्यवसायिले सम्झौता गरेको १५ दिन भित्र निर्माण कार्यतालिका पेश गर्नुपर्ने र हरेक ६० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रू.१,००,०००।०० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । उल्लेखित निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन । सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट रू.१,००,०००।०० विथहोल्ड गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

